आज मिति २०८३ बैशाख १० गते बिहिबारका दिन बिहान ८:०० बजे यस नौबिहनी गाउँपालिकाका श्रद्वेय अध्यक्ष श्री दिल बहादुर थापाको अध्यक्षतामा आ. व. २०८२/०८३ को कार्यपालिकाको चौधौं बैठक बसी तपशिल बमोजिमका निर्णय गरियो ।

उपस्थितिहरु :-

| | | |
|---|---|---|
| १. | श्री दिल बहादुर थापा | (गाउँपालिका अध्यक्ष) |
| २. | श्री विस्ना थापा | (गाउँपालिका उपाध्यक्ष) |
| ३. | श्री घन बहादुर बुढा मगर | (सदस्य) |
| ४. | श्री गोपिराम घर्ति मगर | (सदस्य) |
| ५. | श्री दिल बहादुर के. सी. | (सदस्य) |
| ६. | श्री भिम बहादुर घर्ति मगर | (सदस्य) |
| ७. | श्री दलराज पुन मगर | (सदस्य) |
| ८. | श्री मान बहादुर के. सी.-६ | (सदस्य) |
| ९. | श्री रोम प्रसाद बुढाथोकी | (सदस्य) |
| १०. | श्री मान बहादुर के.सी.-८ | (सदस्य) |
| ११. | श्री शुसिला सुनार | (सदस्य) |
| १२. | श्री लाली गिरी | (सदस्य) |
| १३. | श्री मिन बहादुर सुनार | (सदस्य) |
| १४. | श्री लाल बहादुर सुनार | (सदस्य) |
| १५. | श्री रबिना मल्ल | (सदस्य) |
| १६. | श्री इन्द्रा सुनार | (सदस्य) |
| १७. | श्री खड्ग बि. क. | (सदस्य सचिव) |

आमन्त्रित :-

| | | |
|---|---|---|
| १८. | श्री तेजेन्द्र बुढा मगर | (कम्प्युटर अपरेटर) |
| १९. | श्री दिलमाया खड्का | (नगर प्रहरी) |
| २०. | श्री हिरा बहादुर घर्ति मगर | (कार्यालय सहयोगि) |
| २१. | श्री चन्द्रमणि बुढा मगर | (टी.वी. अध्यक्ष वडा नं. १) |

CamScanner

मिति २०८३।०१।१० गते बसेको गाउँकार्यपालिका बैठकका निर्णयहरुः

१. गत कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरी कार्यान्वयन हुन नसकेका र कार्यान्वयनको चरणमा रहेका निर्णयहरू कार्यान्वयनमा तिव्रता दिने।

२. लुम्बिनी प्रदेश सरकारबाट आर्थिक वर्ष २०८३।०८४ को लागि विशेष र समपुरक अनुदानतर्फका योजना पेश गर्ने सम्बन्धी सूचना बमोजिम यस गाउँपालिका अन्तर्गत देहायका योजनाहरु प्राथमीकीकरण गरी माग गर्ने।

a. बिशेष अनुदानतर्फः

| क्र.स. | योजनाको नाम | ठेगाना | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | पातचौर दारिङ्गे खानेपानी योजना | नौबहिनी गा.पा. वडा नं. ७ | ४० लाख | |
| २ | तल्लो लामपानी बासथाला ढुङ्गागाडे खानेपानी योजना | नौबहिनी गा.पा. वडा नं. १ | ४० लाख | |

b. समपुरक अनुदानतर्फः

| क्र.स. | योजनाको नाम | ठेगाना | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | बहाने लुङ तुसारा सडक स्तरोन्नती | नौबहिनी गा.पा. वडा नं. ६ | ७ करोड | |
| २ | बल्ले मैरामारे सडक स्तरोन्नती | नौबहिनी गा.पा. वडा नं. ७ | ७ करोड | |

२०८३।०१।१०

प्रमाणित गर्नेः
नाम : खड्ग वि.क
पद : प्रमुख प्रशासकीय अधिकृत
प्रमाणित मितिः..........................

२०८३।०१।१२

प्रमाणिकरण गर्नेः
नामः दिल बहादुर थापा
पदः अध्यक्ष
प्रमाणिकरण मितिः...........

मिति २०८३।०१।१० गते बसेको गाउँकार्यपालिका बैठकका निर्णयहरु:

३. प्युठान अस्पताल, बिजुवारमा हेमोडायलासिस सेवा सुभारम्भ भई यस गाउँपालिका अन्तर्गतका २ जना मृगौला रोग सम्बन्धी बिरामीहरुले सेवा लिइरहुनु भएको छ। उक्त सेवा सञ्चालनका लागि जिल्ला अन्तर्गतका सबै स्थानीय तहहरुले साझेदारी गर्ने निर्णय भए बमोजिम चालु आर्थिक वर्षमा विनियोजित बिबिध खर्च शिर्षकबाट प्युठान अस्पताल बिजुवारको खातामा रु. १ लाख रकम जम्मा गरिदिने।

४. नौबहिनी गाउँपालिका अन्तर्गतका प्राविधिक सेवातर्फका करार सेवाका कर्मचारीहरु भर्ना सम्वन्धी कार्यविधिमा अन्तर्वार्ता मात्र परीक्षाको माध्यम राखिएकोमा लोक सेवा आयोगको परीक्षा प्रणाली बमोजिम हुंने गरी करार कर्मचारी भर्ना सम्बन्धी कार्यविधि परिमार्जन तथा स्वीकृत गर्ने।

५. गाउँपालिका अन्तर्गतका सबै स्वीकृत दरबन्दीहरु कर्मचारी पदपुर्ति नभएको अवस्थामा मौजुदा कर्मचारीहरुले कार्यालय समयको अतिरिक्त समय समेत कार्यसम्पादन गर्नु परेकाले अतिरिक्त समय कार्य गर्ने कर्मचारीलाई कार्यसम्पादन र इ-हाजिरी प्रणालीको प्रतिवेदनका आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराउन मनासिव भएकाले नौबहिनी गाउँपालिका कर्मचारी प्रोत्साहन कार्यविधि २०८३ स्वीकृत गर्ने।

६. सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यविधि २०८३ स्वीकृत गर्ने।

७. वडा नं. ८ अन्तर्गत सञ्चालनमा रहेको ठाकुरभूमि आधारभूत विद्यालयको नव निर्मित भवनको वरपर पर्खाल लगाइ भूक्षय रोक्नुपर्ने भएकाले ठाकुरभूमी आ वि अधुरो भवन निर्माण शिर्षकमा बिनियोजित (भवन निर्माणका लागि ठेक्का प्रक्रियाबाट बचेको) रकमबाट खर्च लेख्ने गरी भवनको वरपर पर्खाल लगाउने। साथै पर्खाल लगाउँदा अपुग हुने रकम चालु आर्थिक वर्षमा अन्य कुनै शिर्षकबाट रकमान्तर गर्न सक्ने अवस्था भएमा यसै वर्ष रकमान्तर गरी भुक्तानी गर्ने र त्यस्तो अवस्था नभएमा अर्को आर्थिक वर्षमा दायित्व सारी रकम भुक्तानी गर्ने गरी काम गर्ने।

८. संघीय सरकारबाट प्राप्त वडा नं. ६ आधारभूत स्वास्थ्य सेवा केन्द्र भौतिक निर्माण शिर्षकमा विनियोजित रु. ३८ लाख बजेटबाट वडा नं. ६ पिपलटारीमा स्वास्थ्य इकाइ भवन निर्माण गर्ने गरी कार्यालयबाट भएको विद्युतीय ठेक्का प्रक्रियालाई स्वीकृत गरी अनुमोदन गर्ने।

२०८३/०१/१०

प्रमाणित गर्ने:
नाम : खड्ग वि.क
पद : प्रमुख प्रशासकीय अधिकृत
प्रमाणित मिति:..................

८३/१/१२

प्रमाणिकरण गर्ने:
नाम: दिल बहादुर थापा
पद: अध्यक्ष
प्रमाणिकरण मिति:..........

मिति २०८३।०१।१० गते बसेको गाउँकार्यपालिका वैठकका निर्णयहरु:

९. आर्थिक वर्ष २०८२।०८३ मा बिनियोजित उपभोक्ता समितिबाट कार्यान्वयन हुने प्रकृतिका भौतिक निर्माण सम्बन्धी योजना तथा कार्यक्रमहरु सम्झौता गर्ने समयावधि मिति २०८३।०१।२० गतेसम्म थप गरी कार्यान्वयन प्रक्रिया अघि बढाउने।

२०८३/०१/१०

प्रमाणित गर्ने:
नाम : खड्ग वि.क
पद : प्रमुख प्रशासकीय अधिकृत
प्रमाणित मिति:........................

प्रमाणिकरण गर्ने:
नाम: दिल बहादुर थापा
पद: अध्यक्ष
प्रमाणिकरण मिति:...........८३।१।१२